श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. १६

पुनरावेदन नं. ०७४-RB-०११२

मोरङ जिल्ला विराटनगर म.न.पा.वडा नं.२ स्थित स्थायी लेखा नं.६०५२४२२५८ का श्याम ट्रेड लिंकका संचालक ऐ.ऐ.बस्ने मनिषा बंशल..............................१ } पुनरावेदक

**विरुद्ध**

भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौ..........................................१
भन्सार परिक्षक.....................................................................................१ } **प्रत्यर्थी**

भन्सार विभाग त्रिपुरेश्वर काठमाडौ.......................................................१

**मुद्दा : थप भन्सार महशुल निर्धारण ।**

शुरु निर्णय गर्ने कार्यालय : भन्सार जाँचपास परिक्षण कार्यालय, काठमाडौ
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार परिक्षण प्रशासक श्री किशोर जोशी
शुरु निर्णय मिति : २०७४/०८/०४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री सतिश कुमार झा

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत र शाखा अधिकृत श्री टेकनाथ अधिकारी

यसमा भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौबाट मिति २०७४।८।४ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भइ दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः-

मुद्दाको तथ्य

१. श्री श्याम ट्रेड लिंकले विराटनगर भन्सार कार्यालयबाट विभिन्न मिति(सन) २०१६/९/२ देखी २०१७/३/१ सम्ममा विभिन्न प्रज्ञापनपत्रहरुबाट पैठारी गरेका मालबस्तुको भन्सार जाँचपास पछीको परिक्षण गर्न छनौट भएकोले उक्त पैठारीसंग सम्बन्धित कागजातहरु पेश गर्न भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौबाट मिति २०७३/१२/२४ मा भएको पत्राचार।

२. पैठारीकर्ता श्याम ट्रेड लिंकले विभिन्न प्रज्ञापनपत्रहरुबाट पैठारी गरेका मालबस्तुको सम्बन्धमा थप भन्सार महसुल निर्धारण गर्नु पर्ने भन्ने समेतको लेखा परिक्षण प्रतिवेदन ।

३. श्याम ट्रेड लिंकबाट पैठारी भएका मालबस्तुको सम्बन्धमा पेश भएका प्रज्ञापनपत्र कागजातहरु र प्रमाणहरु तथा प्रतिवेदन समेतको अध्ययन छानविन गर्दा अन्तःशुल्क दाखिला नगरेको तथा घटी महशुल दाखिला गरेको देखिएकोले भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा ३ बमोजिम थप महशुल निर्धारण गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिनभित्र पेश गर्न पैठारीकर्ताका नाममा भन्सार जाँचपास परिक्षण कार्यालय बाट मिति २०७४/७/१२ को पत्र हुलाक रजिष्ट्री गरी लिखित सुचना जारी भएकोमा सो पत्र निजले २०७४/७/१७ मा प्राप्त गरी २०७४/८/१ मा सो को जवाफ पेश गरेको ।

४. पैठारीकर्ताले लिखित जवाफमा थप महशुल तथा जरिवाना असुल हुनु नपर्ने भनी जिकिर सम्म लिएको तर ठोस सबुत प्रमाण संलग्न गरी पेश गरेको नदेखिंदा मिति २०७४/७/१२ मा जारी भएको सुचनामा उल्लेख भए बमोजिम कायम गरिएको थप भन्सार महशुल निर्धारण मनासिव नै देखियो । तसर्थ, पैठारीकर्ताले भन्सार ऐन, २०६४ को दफा ३४(३) बमोजिम दाखिला गर्नुपर्ने भन्सार महशुल रु.३,१२,९१७/- सो को शत प्रतिशत जरिवाना रु.३,१२,९१७/- समेत जम्मा रु.६,२५,८३४/-, अन्तशुल्क रु.३,९३०/- सो को शत प्रतिशत जरिवाना रु.३,९३०/- समेत जम्मा रु.७,८६०/- र मु.अ.कर रु.४३,९८३/- सो को शत प्रतिशत जरिवाना रु.४३,९८३/- समेत जम्मा रु.८७,९६६/ गरी कुल जम्मा रु.७,२१,६६०/- (सात लाख एक्काइस हजार छ सय साठी रुपैया मात्र) को भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम महशुल निर्धारण गर्ने भन्सार जाँच पास परिक्षण कार्यालय काठमाडौको मिति २०७४/८/४ को निर्णय ।

५. भन्सार ऐन,२०६४ को दफा १८ तथा भन्सार नियमावली,२०६४ को नियम २१ बमोजिम पैठारीकर्ताले प्रज्ञापनपत्र भरी तोकिएका कागजात सहित पेश गर्नु पर्ने र कागज प्रमाणको आधारमा कारोबार मुल्य कायम हुने हो त्यस्तै घोषणा गरे भन्दा फरक मालवस्तु पाइएमा सो कारणले घटी भएको भन्सार महशुल असुल गर्न पाउने हो । पैठारी भएको मालवस्तु कुन भन्सार दरबन्दी वा उपशिर्षक अन्तर्गतको भन्सार महशुल असुल गर्नु पर्ने हो सो को निर्णयकर्ता पुनरावेदक पैठारीकर्ता नभई भन्सार अधिकृत हो । भन्सार अधिकृतले भन्सार दरबन्दी एकिन गरी भन्सार महशुल असुल भइ जाँचपास भइ सकेको मालवस्तुको हकमा पुनः थप भन्सार महशुल निर्धारण गर्न मिल्ने होइन । यस फर्मले मालवस्तुको अस्थाइ मुल्य निर्धारण भइ छुटाइ लगेको होइन । एक पटक मुल्य निर्धारण भइ जाँचपास गरी लगेको मालवस्तुको हकमा मुल्य निर्धारण हुँदा पेश भएका कागजपत्रहरु अन्यथा प्रमाणित हुनु पर्ने हुन्छ । मालवस्तुको कारोबार

मुल्य भाडा तथा अन्य सम्बद्ध खर्च समेत समाबेश गरि लाग्ने भन्सार महशुल, मुल्य अभिवृद्धि कर समेत तिरी जाँचपास भइ सकेको र मालवस्तुको विक्री समेत भइ सकेको अवस्थामा पुन थप महशुल निर्धारण हुनु मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० समेत विपरित छ । पैठारी कर्ताले पैठारी गरको **Unfried chips** प्रज्ञापनपत्र नं.७००२६ सन २०१६/११/२५ को **HS Code No 11052000** अन्तर्गत दरबन्दी १०/१३ मा पर्ने हो । त्यस्तै पैठारी भएका मालवस्तुहरुको मूल्य प्रमाणित हुने विवरण काजगजातहरुले पुष्टि हुन सक्छ भने सो लाइ नै मूल्याङ्कनको आधार मान्नु पर्ने हुन्छ । **Origin Company** को **Invoice, Performa Invoice, Latter Of Credit** जस्ता प्रमाणलाई आधार बनाइ गरिएको मूल्य निर्धारणलाई अन्यथा मानी पुन महशुल निर्धारण गर्न मिल्दैन । प्रज्ञापन पत्र नं.३२३१ र १०९४४ बाट पैठारी भएका **Snaks** पैठारी गर्दा **Snak item** को भन्सार महशुल फरक परेकोमा पछी मिलान गरेको तथ्यलाई उल्टो अर्थ गरी **Unfried chips** को सम्बन्धमा थप भन्सार महशुल माग गर्ने गरेको निर्णय बदर गरी पाउँ भन्ने मिति २०७४/११/८ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदनपत्र ।

६. यसमा मुलुकी ऐन, अ.बं.२०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५/०२/१० मा भएको आदेश ।

## ठहर खण्ड

७. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री सतिश कुमार झा ले पुनरावेदक पैठारीकर्ताले पैठारी गरेको मालवस्तु **Unfried chips** भन्सार महशुल दरवन्दी शिर्षक २१.०६ मा उल्लेखित स्पष्ट रुपमा अन्यत्र नपरेको खाद्यवस्तुमा पर्ने भै सोही बर्गिकरण शिर्षक बमोजिम प्रज्ञापनपत्रमा उल्लेख गरी सोही बर्गिकरणमा भन्सार अधिकृतले भन्सार महशुल असुल गरेको र कारोबार खर्च सम्बन्धमा पेश भएका कागजातहरुको आधारमा एकिन गरी महशुल निर्धारण गरेकोले सो भन्सार महशुल तिरी मालवस्तु आयात गरी विक्री समेत भइ सकेपछी पुन थप भन्सार महशुल लाग्ने भनी गरेको निर्णयमा न्यायिक मनको अभाव हुँदा उक्त निर्णय बदर गरी पाउँ भनी र प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत र शाखा अधिकृत श्री टेकनाथ अधिकारीले प्रज्ञापनपत्रमा भन्सार बर्गिकरण शिर्षक फरक दावी गरेको, ३०% भन्सार महशुल लाग्ने समुहको मालवस्तुलाई फरक दावी गरी १५% भन्सार महशुल दाखिला गरेको तथा अन्तशुल्क लाग्नेमा अन्तशुल्क समेत समेत दाखिला नगरेको हुँदा अन्तशुल्क र भन्सार महशुलमा फरक परी मूल्य अभिवृद्धि करमा समेत फरक परेको हुँदा थप भन्सार महशुल माग गर्ने गरी भन्सार जाँचपास परिक्षण कार्यालयबाट भएको निर्णय सदर कायम हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

८. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु भन्सार जाँचपास परिक्षण कार्यालयबाट मिति २०७४।०८।०४ मा भएको निर्णय मिलेको

छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. निर्णय तर्फ विचार गर्दा पुनरावेदक श्याम ट्रेड लिंकले मिति सन २०१६/९/२ देखी २०१७/३/१ विराटनगर भन्सार कार्यालयबाट पैठारी गरेका मालवस्तुहरुको कारोबार खर्च रु.५,५९,७९४/- दावी गरेको तर निजले पेश गरेका कागजातहरुबाट भाडा बिमा बैंक क्लियरेन्स तथा अन्य सम्बद्ध खर्च समेत जम्मा रु.५,८८,२९४/- को बिल बिजक तथा विवरण पेश गरेकोले नपुग कारोबार खर्च रु.२८,५००/- को ३०% भन्सार महशुल रु.८,५५०/- र सो को शत प्रतिशत जरिवाना समेत जम्मा रु.१७,१००/-, Unfried chips को बर्गिकरण फरक पारी घटी महशुल दाखिला गरेको हुँदा घटी भएको भन्सार महशुल रु.२,७९,०२५/- र सो को शत प्रतिशत जरिवाना समेत जम्मा रु.५,५८,०५०/-, एकै प्रकारका मालवस्तुहरु भन्सार महशुल दरबन्दीको उपशिर्षक २००५.२०.९० बाट बर्गिकरण गरी ३०% भन्सार महशुल दाखिला गरेकोमा प्रज्ञापनपत्र नं.३२३१ र १०९४४ समेतका मालवस्तु २१.०६ मा बर्गिकरण गरी फरक भन्सार महशुल दाखिला गरेको हुँदा नपुग भन्सार महशुल र अन्तशुल्क मूल्य अभिवृद्धी कर समेत माग गर्ने निर्णय भएको देखियो ।

१०. पुनरावेदककले घोषणा गरेको कारोबार खर्च अन्तर्गतको भाडा, बिमा बैंक क्लियरेन्स तथा अन्य सम्बद्ध खर्च भन्दा निज स्वयंले नै पेश गरेको बिल बिजक तथा विवरणहरुबाट कारोबार खर्च बढी भएको पुष्टी भैरहेको र पुनरावेदकले नै बिलबिजक र विवरण पेश गर्दा उल्लेख गरको व्यहोराबाट पुनरावेदक कम्पनीको कारोबार खर्च बढी भएको स्पष्ट देखिएको परिप्रेक्ष्यमा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा २ बमोजिम लाग्ने भन्सार महशुल र सो मा लाग्ने शत प्रतिशत जरिवाना समेत जम्मा रु.१७,१००/- माग गरेको शुरु निर्णयलाई पुनरावेदकले जिकिर लिएजस्तो अन्यथा भन्न मिलेन ।

११. पुनरावेदकले Unfried chips लाइ स्पष्ट रुपमा अन्यत्र नपरेको खाद्यवस्तु अन्तर्गत २१.०६ दावी गरी पैठारी गरेको देखियो । तर उक्त मालवस्तु आलुबाट तयार भएको र भन्सार महशुल दरबन्दी शिर्षक २००५ को उपशिर्षक अन्तर्गतको २००५.२०.९० मा व्यवस्था भए बमोजिम आलुमा अन्तर्गत बर्गिकरण हुनेमा विवाद गर्नु पर्ने अवस्था देखिएन । स्पष्टरुपमा किटान गरिएको बिषयमा सोही शिर्षकबाट बर्गिकरण गर्नुपर्ने विश्वव्यापार संगठनको सर्व स्विकार्य व्याख्याको नियम समेत अनदेखा गरी पैठारीकर्ताले पैठारी गरेको मालवस्तु Unfried chips लाई उल्लेखित बर्गिकरण फरक पारी घटी भन्सार महशुल दाखिला गरेको देखिंदा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा ३ बमोजिम घटी भएको भन्सार महशुल र सो को शत प्रतिशत जरिवाना समेत रु.५,५८,०५०/- माग गर्ने गरी भएको निर्णय तथा यिनै पुनरावेदक पैठारीकर्ताले एकै प्रकृतिका मालवस्तु विगतमा भन्सार महशुल दरबन्दीको उपशिर्षक २१०६.९०.६० बाट बर्गिकरण गरी ३०% भन्सार महशुल दाखिला गरी पैठारी गरेकोमा हाल प्रज्ञापनपत्र नं.३२३१ र १०९४४ समेत बाट पैठारी गरेका मालबस्तुहरुलाई शुरुमा पैठारी गर्दा गरेको घोषणा भन्दा फरक बर्गिकरण गरी कम भन्सार महशुल दाखिला गरेको कार्य भन्सार ऐन,

२०६४ को दफा १३ को उपदफा ८ विपरित समेत देखिएको हुँदा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा ३ बमोजिम घटी भएको भन्सार महशुल र सो को शत प्रतिशत जरिवाना समेत रु.५०,६८४/- माग गर्ने गरी भएको निर्णय कानुन सम्मत नै देखिन आयो ।

१२. त्यस्तै, पुनरावेदकपैठारी कर्ताले विभिन्न प्रज्ञापनपत्रहरुबाट पैठारी गरेका अन्तशुल्क लाग्ने Balbir Snacks, Kotari Snacks मालवस्तुको अन्तशुल्क दाखिला नगरी पैठारी गरेको हुँदा उक्त मालवस्तुको भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा २ बमोजिम लाग्ने अन्तशुल्क र सो को शत प्रतिशत जरिवाना समेत गरी जम्मा रु.७,८६०/- माग गर्ने गरेको तथा नपुग कारोबार खर्च सो को भन्सार महशुल तथा नपुग भन्सार महशुल समेतको कारणले गर्दा जम्मा मूल्य अभिवृद्धि कर प्रयोजन मूल्यमा फरक पर्ने नै हुँदा मूल्य अभिवृद्धि कर प्रयोजन मूल्य रु.३,३८,३२६/- को भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा २ बमोजिम लाग्ने १३% मूल्य अभिवृद्धि कर र सो को शत प्रतिशत जरिवाना समेत जम्मा रु.८७,९६६/- माग गर्ने गरी भएको शुरु भन्सार जाँचपास परिक्षण कार्यालयको निर्णयमा समेत फेलबदल गर्नु पर्ने देखिन आएन ।

१३. माथी उल्लेखित आधार कारणबाट पुनरावेदक पैठारीकर्ता श्याम ट्रेड लिंकले मिति सन २०१६.०९.०२ देखी २०१७.०३.०१ अवधिमा पैठारी गरेको प्रज्ञापनपत्र अनुसारका कागजातहरुको आधारमा शुरु भन्सार जाँचपास परिक्षण कार्यालयले जाँचपास पछीको परिक्षण गरी भन्सार ऐन, २०६४ को दफा ३४ अनुसार महशुल निर्धारणका लागी मिति २०७४/०८/०४ मा गरेको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदक जिकिर पुग्न सक्दैन । तपशिल बमोजिम गर्नू ।

**तपशिल**

प्रस्तुत मुद्दा फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू----१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तु लिइ नक्कल दिनू-------------------२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू---------------------------------------------------३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल(शाखा अधिकृत)
इति सम्वत् २०७६ साल भाद्र महिना ९ गते रोज २ शुभम् ...........................